# धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका, २०६८

धितोपत्र ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका, २०६८" रहेको छ ।

(२) यो निर्देशिका मिति २०६८।४।२२ देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।
(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।
(ग) "धितोपत्र" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (च) मा परिभाषित भए बमोजिमको धितोपत्र सम्झनु पर्छ ।
(घ) "शेयर" भन्नाले साधारण शेयर तथा साधारण शेयरमा परिणत हुने प्रकृतिका अन्य धितोपत्र समेतलाई जनाउने छ ।
(ङ) "साना लगानीकर्ता (रिटेल इन्भेष्टर)" भन्नाले रु. ५० हजारसम्मको धितोपत्रकालागि आवेदन दिने व्यक्तिगत लगानीकर्तालाई जनाउने छ ।
(च) "अन्य लगानीकर्ता" भन्नाले साना लगानीकर्ता (रिटेल इन्भेष्टर) बाहेकका अन्य व्यक्तिगत लगानीकर्ता, कम्पनी, संस्था तथा निकाय समेतलाई जनाउने छ ।
(छ) "सार्वजनिक निष्काशन" भन्नाले ऐनको दफा २ को खण्ड (फ) को अतिरिक्त बिक्री प्रस्ताव मार्फत सार्वजनिक रुपमा भएको बिक्रिलाई समेत जनाउने छ ।
(ज) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ सम्झनुपर्छ ।
(झ) "निष्काशन निर्देशिका" भन्नाले धितोपत्र निष्काशन निर्देशिका, २०६५ सम्झनुपर्छ ।
(ञ) "न्यूनतम कित्ता" भन्नाले विवरणपत्र/विक्रि प्रस्तावमा उल्लेख गरिए बमोजिम लगानीकर्ताले आवेदन गर्न सक्ने न्यूनतम धितोपत्रको संख्या (इकाई) वा कित्तालाई जनाउने छ ।

## परिच्छेद - २
## बाँडफाँट प्रकृया तथा आधार

३. **समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्ने**: (१) धितोपत्र आवेदकहरुलाई लगानीकर्ताको समूहअनुसार समानुपातिक रुपमा धितोपत्र बाँडफाँट गर्नुपर्ने छ ।

(२) बाँडफाँटको क्रममा बाँडफाँट हुने धितोपत्रको संख्या पूर्णाङ्क नभएमा नजिकको पूर्णाङ्क हुने गरी (राउण्ड अप गरेर) बाँडफाँट गर्नुपर्ने छ ।

४. **साना लगानीकर्तालाई छुट्याउनु पर्ने** : (१) सार्वजनिक निष्काशन गरी सर्वसाधारणलाई बाँडफाँट गर्न उपलब्ध धितोपत्रमध्ये कम्तिमा ४० प्रतिशत धितोपत्र साना लगानीकर्ता समूहलाई बाँडफाँटको लागि छुट्याउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि साना लगानीकर्ता समूहबाट प्राप्त आवेदन कुल आवेदन गरेको धितोपत्रको ४० प्रतिशतभन्दा बढी भएको अवस्थामा सम्पूर्ण आवेदकलाई एकै समूह मानी समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्ने छ ।

५. **बाँडफाँट प्रकृया**: धितोपत्रको बाँडफाँट गर्दा देहाय अनुसार गर्नुपर्ने छ :-

(१) धितोपत्र खरिदका लागि प्राप्त आवेदनहरु मध्ये विवरणपत्र वा बिक्री प्रस्तावको शर्त अनुसार योग्यता नपुगेका, पूरा विवरण नभरेका, माग गरे अनुसार आवेदन रकम जम्मा नगरेका र दोहोरो आवेदनहरु छुट्याई रित पूर्वकका आवेदनहरुलाई मात्र बाँडफाँट प्रकृयामा समावेश गर्नुपर्ने छ ।

(२) बिक्री आव्हान गरिएका धितोपत्र मध्ये सर्वसाधारणलाई बाँडफाँट गर्ने खुद धितोपत्र संख्या एकिन गर्नुपर्ने छ ।

(३) सार्वजनिक बाँडफाँटका लागि उपलब्ध धितोपत्र साना लगानीकर्ता वा अन्य लगानीकर्ता समूह दुवै मिलाएर लगानीकर्ताहरुको माग अनुसार बाँडफाँट गर्न पर्याप्त भएमा माग अनुसारकै धितोपत्र बाँडफाँट गर्नुपर्ने छ ।

(४) सार्वजनिक बाँडफाँटको लागि उपलब्ध धितोपत्र भन्दा बढीको लागि आवेदन पर्न आएमा अथवा अधिक माग भएमा दफा ४ अनुसार साना लगानीकर्तालाई छुट्याई बाँकी अन्य लगानीकर्ताका लागि बाँडफाँट गर्नुपर्ने छ ।

(५) विवरणपत्र वा बिक्री प्रस्ताव मार्फत आवेदन माग गरेको धितोपत्रको न्यूनतम कित्ता (निश्चित मूल्य तोकी बिक्री गरिएको भए) वा बजारमा निर्धारण भएको मूल्यको आधारमा बाँडफाँटको न्यूनतम संख्या एकिन गर्नुपर्ने छ ।

(६) तोकिएको समूह साना लगानीकर्ता समूह तथा अन्य लगानीकर्ता समूहका आवेदकहरुलाई आवेदन गरेको धितोपत्र समानुपातिक रुपमा बाँडफाँट गर्दा न्यूनतम कित्ता वा सो भन्दा बढी हुन आएमा सोही अनुपातमा बाँडफाँट गर्नुपर्ने छ ।

(७) आवेदन गरेको धितोपत्रको समानुपातिक रुपमा बाँडफाँट गर्दा तोकिएको न्यूनतम कित्ता भन्दा कम हुन गएमा सो वर्गमा बाँडफाँटको लागि उपलब्ध धितोपत्र माग गरेको न्यूनतम धितोपत्र संख्या ( कित्ता) बाँडफाँट गर्दा सो वर्गका आवेदकहरु प्रत्येकलाई छनौट हुन सक्ने समान अवसर प्रदान गरी सफल आवेदकको छनौट गरी न्यूनतम कित्ता बाँडफाँट गर्नुपर्ने छ ।

(८) यस दफा बमोजिम धितोपत्र बाँडफाँट गर्दा अनुसूची-क बमोजिमको नमुना अनुसार हुने गरी बाँडफाँट गर्नुपर्ने छ ।

(९) यस दफामा उल्लेख भए अनुसार धितोपत्र बाँडफाँट गर्दा बोर्डबाट सहमति प्रदान गरिएको सफ्टवेयर प्रयोग गर्नुपर्ने छ ।

## परिच्छेद - ३
## विविध

६. **बाँडफाँट निष्पक्ष तथा उपयुक्त हुनुपर्ने** : यस निर्देशिका अनुसार धितोपत्र बाँडफाँट निष्पक्ष तथा उपयुक्त बनाउनु निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता संगठित संस्थाका कार्यकारी प्रमुखको प्रमुख जिम्मेवारी रहने छ ।

७. **कर्मचारीको लागि संरक्षित धितोपत्रको बाँडफाँट सम्वन्धी** : विवरणपत्र अनुसार संगठित संस्थाका कर्मचारीहरुलाई धितोपत्र सुरक्षित राखी धितोपत्र बाँडफाँट गरिएको अवस्थामा उक्त संस्थामा काम गर्ने कर्मचारीलाई आफुले लिएको धितोपत्र कम्तीमा ३ बर्ष सम्म बिक्री वितरण गर्न नपाउने शर्त तोकी निजहरुको धितोपत्रको प्रमाणपत्रमा "मिति...सम्म सेयर हस्तान्तरण गर्न बन्देज रहेको" व्यहोरा उल्लेख गर्नुपर्ने । यसरी कर्मचारीहरुलाई छुट्याउन सक्ने गरी प्रचलित कानुनले तोके बमोजिमको धितोपत्र कर्मचारीहरुबाट माग भै आएको हकमा सम्बन्धित संगठित संस्थाको संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्ने र यसरी गरिएको बाँडफाँटको आधार, कर्मचारी अनुसार बाँडफाँट गरिएको धितोपत्रको संख्या सम्बन्धि विवरण निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई सात दिन भित्र जानकारी गराउनुपर्नेछ ।

८. **प्रतिवेदन तथा जानकारी दिनुपर्ने** : (१) यस निर्देशिका बमोजिम गरिने बाँडफाँट सम्बन्धमा बाँडफाँट हुनु भन्दा कम्तिमा तीन दिन अगावै बोर्ड लाई जानकारी गराउनु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम बाँडफाँट गरेको तीन दिन भित्र निष्काशन तथा बिक्री प्रबन्धकले बोर्ड तथा सम्बन्धीत धितोपत्र बजारलाई बाँडफाँट सम्बन्धी विवरण जानकारी गराई सर्वसाधारणको जानकारीका लागी सार्वजनिक समेत गराउनु पर्नेछ ।

९. **अभिलेख सुरक्षित राख्ने** : यस निर्देशिका बमोजिम गरिएको बाँडफाँटसंग सम्बन्धीत आवेदन तथा बाँडफाँट सम्बन्धी विवरण, कागजात तथा अभिलेखहरु निष्काशन तथा बिक्री प्रबन्धकले प्रमाणित गरी कम्तिमा पाँच बर्षसम्म सुरक्षित राख्ने व्यवस्था गर्नुपर्ने छ ।

१०. **बाधा अड्काउ फुकाउने** : यस निर्देशिका अनुसार काम गर्दा गराउँदा कुनै कठीनाई वा अवरोध आएमा बोर्डमा पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ ।

११. **खारेज र बचाउ** : (१) शेयर बाँडफाँट संवन्धि निर्देशिका, २०५१ खारेज गरिएको छ ।

(२) उपदफा (१) वमोजिम खारेज भएको निर्देशिका वमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका वमोजिम भए गरेको मानिने छ ।

## अनुसूची-क

### बाँडफाँट प्रकृया सम्वन्धि उदाहरण

१. मानौं प्रति शेयर रु २०० राखि १० लाख कित्ता धितोपत्र सार्वजनिक निष्काशन गरिएको छ ।

२. साना लगानीकर्ताको लागि संरक्षितगर्नु पर्ने न्यूनतम ४ लाखकित्ता धितोपत्र हुन आँउछ ।

३. कुल निष्काशनको ८ गुणा अधिकमाग (Oversubscribed) भयो जसमध्ये साना लगानीकर्ता समूहबाट ५ गुणा अधिकमाग रह्यो ।

४. निष्काशनकर्ताले राखेको न्यूनतम आवेदनकित्ता १० (१०x२०० = रु. २००० को हुन्छ । ( आवेदनगर्दा न्यूनतम १० कित्ता र त्यस्को गुणक संख्यामा आवेदनगर्न सकिने व्यवस्था राखिएको आधारमा)

५. साना लगानीकर्ता रु ५०,००० सम्मको धितोपत्रको लागि लगानी गर्ने व्यक्तिहरुलाई मानिएकोले २५० कित्ता सम्म धितोपत्रको लागि आवेदन गर्ने लाई सो समूहमा राख्ने ।

६. मानौ साना लगानीकर्ता मध्येका ‘क’ ले २५०कित्ता, ‘ख’ ले २४०कित्ता, ‘ग’ ले ३० कित्ता र ‘घ’ ले २० कित्ता धितोपत्रका लागि आवेदन गरेका छन् ।

बाँडफाँट प्रकृया अनुसार साना लगानीकर्तालाई समानुपातिक आधारमा अर्थात आवेदन गरेको कुल धितोपत्रलाई ५ ले भाग गरी बाँडफाँट हुनेछ ।

यसअनुसार ती आवेदकहरुलाई निम्ननुसार धितोपत्र प्राप्त हुने वा नहुने निर्धारण हुन्छ ।

| क्र.सं. | लगानीकर्ताको नाम | आवेदन शेयर संख्या | बाँडफाँटमा प्राप्त हुने धितोपत्र |
|---|---|---|---|
| १ | ‘क’ | २५० | २५०/५ =५० कित्ता धितोपत्र पाउने |
| २ | ‘ख’ | २४० | २४०/५ =४८ कित्ता धितोपत्र पाउने |
| ३ | ‘ग’ | ३० | ३०/५= ६ कित्ता |
| ४ | ‘घ’ | २० | २०/५ = ४ कित्ता |

आवेदकहरु ‘ग’ र ‘घ’ का लागि समानुपातिक रुपमा प्राप्त हुने क्रमशः ६ र ४ कित्ता धितोपत्र न्यूनतम कित्ता भन्दा कम भएकोले यस वर्गका सबैले धितोपत्र पाउन नसक्ने स्थिति रहन्छ । यस अवस्थामा निष्पक्ष बिधिबाट न्यूनतम कित्तामा धितोपत्र बाँडफाँट गर्न पुग्ने संख्यामा यस वर्गका लगानीकर्तामध्येबाट सफल लगानीकर्ता छनोट गरी धितोपत्र बाँडफाँट गर्नुपर्ने छ ।